आज मिति २०७९ साल कार्तिक १९ गते शनिवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| | | | |

२०७९/७/१९
धन कुमार राई
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालुवा, भोजपुर
१ नं प्रदेश

०७९/७/१९
अशोक राई
अध्यक्ष

**प्रस्तावहरुः**

१ मतदाता शिक्षा सञ्चालनको रकम विनियोजन सम्वन्धमा
२ सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धमा
३ औषधी खरीद सम्वन्धमा
४ किसान सूचिकरणको लागि गणक छनौट सम्वन्धमा
५ मुख्य मन्त्रीपरिषदको कार्यालय मार्फत प्रदेश लोकसेवा आयोगलाई स्वास्थ्य तर्फको रिक्त दरवन्दीमा कर्मचारी माग सम्वन्धमा
६ वेरोजगार आवेदकहरुलाई सूचिकृत सम्वन्धमा
७ स्वयंसेवी अभियान सहजिकरण समिति गठन सम्वन्धमा
८ स्वयंसेवी अभियान कार्यन्वयन समिति र स्वयं सेवि समुह गठन सम्वन्धमा
९ आर्थिक आत्मा निर्भर कार्यक्रमको लागि वजेट विनियोजन सम्वन्धमा
१० उर्जा विकास उप समिति गठन सम्वन्धमा
११आर्थिक सहायता सम्वन्धमा

**निर्णय नं १**

संघीय मामिला तथा सामान्य प्रशासन पन्त्रालयको च.नं.१५५,मिति २०७९/६/२४ को पत्र र प्रतिनिधिसभा तथा प्रदेश सभा सदस्य निर्वाचन,२०७९ मतदाता शिक्षा कार्यक्रम निर्देशिकाको दफा १२ अनुसार स्थानीय तहहरुमा संचालन हुने मतदाता शिक्षा कार्यक्रम कार्यन्वयन गर्नको लागि सम्वन्धित वडामा वडास्तरको मतदाता शिक्षा संचालन समिति गठन गरी महिला स्वास्थ्य स्वयं सेविका मार्फत मतदाता शिक्षा कार्यक्रम संचालन भइरहेको र उक्त निर्देशिकाको दफा ११ को उपदफा (६) वमोजिम जनशक्ति परिचालन गर्दा लाग्ने भत्ता तथा अन्य खर्च स्थानीय तहले व्यहोर्नु पर्ने व्यवस्था भए वमोजिम तपशिल अनुसार हुने खर्च नेपाल सरकार वित्तिय समानिकरण अनुदान शिर्षकको समपुरक कोष शिर्षकवाट जम्मा रु. २६५८००। ( अक्षरुपी दुइलाख पैसठ्ठिहजार आठसय मात्र) भुक्तानी दिने

तपशिल

| क्र.सं. | खर्च शिर्षक | परिणाम | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | मतदाता शिक्षा तालिम खर्च | १ | २८३०० | २८३०० |
| २ | स्वयं सेविका भत्ता ( १५ दिन) | १० | १५००० | १५०००० |
| ३ | स्वयंसेविका संचार खर्च | १० | १००० | १०००० |
| ४ | स्वयंसेविका यातायात खर्च ( वडा नं ५,७ र १०) | ३ | २००० | ६००० |
| ५ | स्वयंसेविका खाना खर्च ( वडा नं ५ र ७) | २ | ३००० | ६००० |
| ६ | रिपोर्टिङ | १ | २५०० | २५०० |
| ७ | सामग्री | १ | ५००० | ५००० |
| ८ | वैठक भत्ता | | | ३८००० |
| ९ | मतदाता शिक्षा संचालनमा सहयोग तथा अनुगमन | | | २०००० |
| | **जम्मा** | | | **२६५८००** |

**निर्णय नं २**

तपशिल वमोजिमको मिति स्थान र समयमा प्रत्येक वडामा सामाजिक सुरक्षा भत्ता वितरण हुने भएकोले सवै वडाहरुमा सरोकारवालाहरुलाई वडा कार्यालयहरु मार्फत समयमा नै उपस्थित गराउने ।

| वडा नं | स्थान | मिति | समय |
|---|---|---|---|
| ४ | शिद्धार्थ वैंक शाखा कार्यालय | २०७९ कार्तिक २० गते | विहान १०:०० देखि दिनको ४:०० वजे सम्म |
| १ | वडा नं १ को वडा कार्यालय | २०७९ कार्तिक २१ गते | विहान ८:०० देखि दिनको २:०० वजे सम्म |
| २ | वडा नं २ को वडा कार्यालय | २०७९ कार्तिक २२ गते | विहान ८:०० देखि दिनको २:०० वजे सम्म |
| ३ | वडा नं ३ को वडा कार्यालय | २०७९ कार्तिक २३ गते | विहान ८:०० देखि दिनको २:०० वजे सम्म |
| ५ | वडा नं ५ को वडा कार्यालय | २०७९ कार्तिक २४ गते | विहान ८:०० देखि दिनको २:०० वजे सम्म |
| ६ | वडा नं ६ को वडा कार्यालय | २०७९ कार्तिक २५ गते | विहान ८:०० देखि दिनको २:०० वजे सम्म |
| ७ | वडा नं ७ को वडा कार्यालय | २०७९ कार्तिक २७ गते | विहान ८:०० देखि दिनको २:०० वजे सम्म |
| ८ | वडा नं ८ को वडा कार्यालय | २०७९ कार्तिक २८ गते | विहान ८:०० देखि दिनको २:०० वजे सम्म |
| ९ | वडा नं ९ को वडा कार्यालय | २०७९ कार्तिक २९गते | विहान ८:०० देखि दिनको २:०० वजे सम्म |
| १० | वडा नं १० को वडा कार्यालय | २०७९ कार्तिक ३० गते | विहान ८:०० देखि दिनको २:०० वजे सम्म |

रामप्रसाद गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वालखा, भोजपुर, १ नं प्रदेश

२०७९/७/१९ धन कुमार राई, प्रमुख प्रशासकीय अधिकृत

०७९/७/१९ अशोक राई, अध्यक्ष

**निर्णय नं ३**

स्वास्थ्य चौकीहरुबाट निःशुल्क वितरण हुने औषधिहरु समयमै व्यवस्थापनको लागी कार्यालयले मिति २०७९/०६/१३ गते E-Bid मार्फत खरिदकोलागि सुचना प्रकाशन गरेकोमा कम्तिमा ३ वटा फर्म/सप्लायर्सले दर भाउपत्र पेश गर्नु पर्नेमा १ वटा फर्मले मात्र दरभाउ पत्र पेश गरेकोले नियमअनुसार नभई पुनः दोस्रो पटक मिति २०७९/०७/०३ गते सुचना प्रकाशन गरीएकोले औषधि आपुर्ति हुन कम्तिमा ४५ दिन लाग्ने भएको र हाल औषधि मौजदात शुन्य भएको हुदा औषधि खरीदको लागि आ व २०७९/८० मा अल्या रकम बाडफाड बाट विनियोजित औषधि खरीद शिर्षकको रु ६५००००।०० मध्ये रु ४०००००।०० बराबरको औषधि तत्काल खरीद गरी स्वास्थ्य संस्थामा उपलब्ध गराउन सार्वजनीक खरीद नियमावली २०६४ को नियम ११ को उपनियम २ को खण्ड (ख) र (ग) बमोजिम स्थानीय तह तथा अन्य बजारमा प्रचलित दरभाउ बमोजिम सोहि नियमावलिको नियम ८५ को उपनियम (१) को खण्ड (क) बमोजिम पाँच लाख लागत अनुमान भएको माल सामान सोझै खरीद गर्न सकिने भएकोले उपलब्ध भएका दरभाउ मध्ये स्वर्णिम मेडिकल हल बिराटनगर मोरङले कवोल गरेको ईकाई मुल्य अन्य फर्मले पेश गरेको दरभाउ भन्दा कम भएकोले सोहि फर्म मार्फत औषधि खरीद गर्ने ।

**निर्णय नं ४**

यस गा.पा.को यस चालु आ.व.०७९/०८० मा किसान सुचिकरण कार्यक्रम संचालन गर्नु पर्ने भएकोले उक्त कार्यक्रम संचालनको लागि सहजकर्ताको आवश्यकता रहेकोले सो कार्यक्रम संचालन गर्नको लागी तपशिल बमोजिमका उम्मेदवारहरुले सहजकर्ताको रुपमा काम गर्नको लागी दरखास्त पेश गरेकोले निजहरुलाई छनौट गरी नियुक्ति दिइ काममा लगाउने ।

| क्र.स. | सहजकर्ताको नाम | ठेगाना | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | पदिकी शेर्पा | आमचोक-१ | +२ उतिर्ण |
| २ | नविन राई | आमचोक-२ | +२ उतिर्ण |
| ३ | दिपराज राई | आमचोक-३ | +२ उतिर्ण |
| ४ | अस्मिता राई | आमचोक-४ | +२ उतिर्ण |
| ५ | देवचन्द्र राई | आमचोक-६ | +२ उतिर्ण |
| ६ | लक्ष्मण हायु | आमचोक-७ | +२ उतिर्ण |
| ७ | प्रविन राई | आमचोक-८ | +२ उतिर्ण |
| ८ | कुमारी मगर | आमचोक-९ | +२ उतिर्ण |

**निर्णय नं ५**

मुख्य मन्त्रीपरिषदको कार्यालय मार्फत प्रदेश लोकसेवा आयोगलाई स्वास्थ्य तर्फको निम्न वमोजिमको रिक्त दरवन्दीमा कर्मचारी माग गरि पठाउने ।

| क्र.सं | पद | स्विकृत दरबन्दि | रिक्त दरबन्दि | वढुवाद्धारा पदपूर्ति हुने | लोकसेवा आयोगलाई माग गर्ने । |
|---|---|---|---|---|---|
| १ | जनस्वास्थ्य निरिक्षक/हे. अ. /सि. अ.हे.व. (छैठौ) | ९ | ६ | ६ | ० |
| २ | सि. अ.न.मि.(प.हे.न./क.न.), छैठौ | १ | १ | १ | ० |
| ३ | हे.अ./सि.अ.हे.व. (पाँचौ) | ११ | २ | ० | २ |
| ४ | सि. अ.न.मि.(प.हे.न./क.न.), पाँचौ | ८ | ३ | ० | ३ |
| ५ | अ.हे.व. (चौथो) | ८ | ७ | ० | १ |
| ६ | अ.न.मी. (चौथो) | ११ | ० | ० | ० |

**निर्णय नं ६**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७९/८० को लागि १,१११ जना वेरोजगार आवेदकहरुलाई सुचिकृत गर्ने ।

२०७१।६।१९ धन कुमार राई प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालखा, भोजपुर १ नं प्रदेश

२०७९।७।१९ अशोक राई अध्यक्ष

**निर्णय नं ७**

आन्तरिक मामिला तथा कानुन मन्त्रालय विराटनगरको सहयोग तथा शिक्षा विकास तथा समन्वय इकाइ भोजपुरको सहजिकरणमा गाउँपालिका भित्र कक्षा ९ देखि १२ सम्म संचालित माध्यमिक विद्यालयमा अध्यायनरत विद्यार्थीहरुलाई लागु औषध,दुर्व्यसन र विपद व्यवस्थापनमा स्वयंसेवी भावना जागृत गराउन हामी स्वयंसेवी अभियान कार्यक्रमलाई समन्वय तथा सहजिकरण गर्नको लागि कार्यविधि वमोजिम तपशिल वमोजिम स्थानीय तहस्तरीय समन्वय तथा सहजिकरण समिति गठन गर्ने ।

क) पालिका अध्यक्ष श्री अशोक राई :अध्यक्ष
ख) पालिका उपाध्यक्ष श्री सीता राई : सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत श्री धन कुमार राई : सदस्य
घ) वालंखा इलाका प्रहरी कार्यालय प्रमुख :सदस्य
ङ) स्थानीय पत्रकार श्री विमला वस्नेत :सदस्य
च) नेपाल स्काउट श्री सन्तोष खड्का :सदस्य
छ) शिक्षा शाखा प्रमुख श्री ज्ञान वहादुर राउत :सदस्य सचिव

**निर्णय नं ८**

विद्यालय स्तरमा हामी स्वयंसेवी अभियान सञ्चालन गर्नको लागि मन्त्रालयले जारी गरेको कार्यविधि २०७९ वमोजिम विद्यालय तहका कार्यक्रम कार्यन्वयन समिति निर्माण गर्न र हामी स्वयंसेवी समूह गठन गर्नको लागि आवश्यक कार्यविधि सहित विद्यालयहरुलाई पत्रचार गर्ने ।

**निर्णय नं ९**

प्रदेश सरकार समाजिक विकास मन्त्रालय र गाउँपालिकाको साझेदारीमा विपन्न, दलित,आदिवासी जनजाती र सिमान्तकृत महिलाहरुको लागि आर्थिक आत्मानिर्भर कार्यक्रम संचालन गर्नको लागि समपुरक कोष अन्गर्गत विनियोजित वजेटवाट रु,२०००००। ( अक्षेरुपी दुइलाख मात्र) कार्यविधि वमोझिम विनियोजन गर्ने । सो कार्यक्रम अन्तर्गत एकल महिलाहरुहरुको कार्यक्रम आमचोक वडा नं ९ दुम्माना र आदिवासी जनजाती महिलाहरुको कार्यक्रम आमचोक १० पांचामा संचालन गर्ने ।

**निर्णय नं १०**

उर्जा सम्वन्धी कार्यक्रमको समन्वय तथा सहजिकरण गर्नको लागि तपशिल वमोजिम उर्जा विकास उप समिति गठन गर्ने ।

क) भौतिक पूर्वाधार समितिको संयोजक श्री राम प्रसाद राई : संयोजक
ख) कार्यापालिका सदस्य श्री भवानी विष्ट : सदस्य
ग) कार्यापालिका सदस्य श्री सुजता प्रधान : सदस्य
घ) साना लघुजलविद्युत आयोजनाको प्रतिनिधि श्री विन्द्र मगर : सदस्य
ङ) विद्युतसंग सम्वन्धित सप्लायर्स श्री आदित्य राई : सदस्य
च) उर्जा शाखा प्रमुख : सदस्य सचिव

संरक्षक : उपाध्यक्ष श्री सीता राई
सल्लाहकार : अध्यक्ष श्री अशोक राई र प्रमुख प्रशासकीय अधिकृत श्री धन कुमार राई

**निर्णय नं ११**

आमचोक गाउँपालिकामा तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराइदिन निवेदन पेश भए वमोजिम तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराने ।

क) वृद्धाश्रम सहयोग समिति अनामनगर काठमाण्डौवाट प्रकाशित वृद्ध आवाज पत्रिका मार्फत आमचोक गाउँपालिकाको जेष्ठ नागरिक सन्देश मुलक सुचना प्रकाशन गरेवापत रु.१००००। को विल र पत्रिका प्राप्त भएकोले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन शिर्षकवाट भुक्तानी दिने ।

ख) आमचोक ४ निवासी भक्त वहादुर राईको पत्नी शान्त कुमारी राई विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारको क्रम्मा मुटु रोगी प्रमाणित भइ बाचुन्जेल औषधी सेवन गर्नु पर्ने वडा कार्यालयको सिफारिस र शान्त कुमारी राईको निवेदन वमोजिम नेपाल सरकार राजश्व अनुदान शिर्षकको अन्य सहायता शिर्षकवाट रु.२००००। (अक्षेरुपी वीससहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

ग) आमचोक ४ निवासी दल वहादुर राईको खानेपानीको ३२ MM को पाइप पहिरोले क्षति गरी चुडिएर ध्वस्त वनाएको र आर्थिक अवस्था कम्जोर भएको वडा कार्यालयको सिफारिस वमोजिम नेपाल सरकार राजश्व अनुदान शिर्षकको अन्य सहायता शिर्षकवाट रु.१००००। (अक्षेरुपी दशहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

घ) आमचोक ९ निवासी कृष्ण वहादुर सार्कीको श्रीमती प्रमिला नेपालीको सुत्केरी अवस्थामा वढी रक्तश्राप भइ घोपा क्याम्पमा उपचारत भएको र आर्थिक अवस्था कम्जोड भएको वडा कार्यालयको सिफारिस र अस्पतालको रेकर्ड प्राप्त भएकोले नेपाल

धन कुमार राई
प्रमुख प्रशासकीय अधिकृत

अशोक राई
अध्यक्ष